
**Interdisciplinary Research in Education**
Volume 9, Issue 1, 2024: 1-16
DOI: https://doi.org/10.3126/ire.v9i1.69742



# नेपालका मातृभाषाहरूको प्रयोगावस्था

**महेन्द्र न्यौपाने**
mahendra.neupane@cerid.tu.edu.np
ORCID : https://orcid.org/0009-0008-9514-3034
*शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड), त्रिवि, कीर्तिपुर*

**शब्दकुञ्जी**
*बहुभाषिकता, भाषिक मृत्यु, भाषिक सर्वेक्षण, मातृभाषा, लोपोन्मुखता*

**लेखसार**

*प्रस्तुत लेख नेपालमा बोलिने मातृभाषाको वितरण, परिवर्तन र लोपोन्मुखताको स्थितिसँग सम्बन्धित छ। नेपालका पछिल्ला तीन दशकका राष्ट्रिय जनगणनाले प्रस्तुत गरेका तथ्यमा आधारित रही नेपालका मातृभाषाहरूको वितरणको अवस्था, परिवर्तनको प्रवृत्ति र लोपोन्मुखताको अवस्था पत्ता लगाउनु यस लेखको मुख्य उद्देश्य हो। भाषाका लोपोन्मुखताको कारण र जीवन्तताका लागि अपनाउनुपर्ने नीति पनि यस लेखले निर्देश गरेको छ। गुणात्मक ढाँचामा आधारित वर्णनात्मक र विश्लेषणात्मक विधिमा आरित भई यो लेख तयार पारिएको छ। लेख तयार पार्ने क्रममा नेपालका राष्ट्रिय जनगणनाबाट प्रस्तुत तथ्य, मातृभाषा तथा भाषाका बारेमा लेखिएका विभिन्न पुस्तक, जर्नल आर्टिकल लगायतलाई उपयोग गरिएको छ। जनगणनाबाट प्रस्तुत तथ्यलाई विश्लेषणका क्रममा चित्रात्मक, तुलनात्मक र विश्लेषणात्मक पद्धतिलाई उपयोगमा ल्याइएको छ। बहुभाषिक राष्ट्र नेपालका प्रदेश, जिल्ला र अधिकांश स्थानीय निकायहरू बहुभाषिक रहेका, केही सीमित भाषाबाहेक धेरै भाषाका प्रयोक्ताका सङ्ख्या र कुल जनसङ्ख्याको प्रतिशत घट्दै गई पुस्तान्तरण हुन नसक्दा लोपोन्मुखतातर्फ उन्मुख अवस्था पहिचान गरिएको छ। शिक्षाको अवसर, रोजगारी लगायतका कारणबाट विविध मातृभाषी वक्ताहरू आफ्नो भाषाको प्रयोगलाई छाडेर अन्य प्रभावशाली भाषातर्फ अग्रसर भएका कारण नेपालका धेरै भाषाहरू पुस्तान्तरण हुन नसकी लोपोन्मुखतातर्फ अगाडि बढेका छन्। बहुभाषिक राज्य नेपालका भाषाको संरक्षणका माध्यमबाट सम्बद्ध भाषिक प्रयोक्ताका संस्कृति, सभ्यता र पहिचान संरक्षण गर्न राज्यको बहुभाषिकता र भाषाको वितरणलाई समस्याका रूपमा नलिई प्रभावकारी भाषानीति र योजनाका माध्यमबाट लोपोन्मुख बनेका भाषालाई संरक्षण गर्नु आवश्यक देखिन्छ।*

## परिचय

भाषा मानवीय विचार विनिमयको सशक्त माध्यम हो । मानिसले मुख्यतः सञ्चारका लागि प्रयोग गर्ने मातृभाषाहरूले मानिसका संस्कृति, जीवनशैली, सभ्यता, ज्ञानविज्ञान आदिलाई समेत बहन गर्दछन् । यसर्थ भाषा सम्बन्धित भाषिक समुदायका लागि मात्र नभई राज्य र मानव जातिकै अमूल्य निधिका रूपमा रहेको हुन्छ । बहुभाषिक मुलुकमा प्रचलित विभिन्न भाषाहरू प्रचलनमा रहेका हुन्छन् । फरक भाषाहरूको अवस्था पनि फरक हुन्छ । भाषाका प्रयोक्ताको सङ्ख्या, इतिहास, लिखित स्वरूप, भाषा विकासको अवस्था जस्ता पक्ष एक भाषामा भन्दा अर्को भाषामा फरक हुन्छ । मातृभाषाको संरक्षण र विकासको नीति तथा कार्यक्रम निर्माण गर्दा तिनको प्रयोगावस्थाको पहिचान गर्नुपर्छ । यसरी भाषाको प्रयोगावस्थाको आधारमा वस्तुपरक ढङ्गले उक्त भाषाको विकास र संरक्षणसम्बन्धी योजना निर्माण गर्न सकिन्छ ।

नेपाल एक बहुभाषी मुलुक हो । अहिले यहाँ १२४ ओटा भाषा प्रचलित छन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) । यहाँका भाषाहरू वक्तासङ्ख्या र विकासको अवस्थाका दृष्टिले विविधतामयी छन् । नेपालमा विविध भाषिक समुदायको अन्तरमिश्रित बसोबास रहेको छ । जसले गर्दा राज्यका विभिन्न निकायमा भाषिक वितरण फरक फरक ढङ्गले भएको छ । बहुभाषिक समाज नेपालका मातृभाषिक वक्ताहरूको मिश्रित बसोबासका कारण अन्तरमिश्रणको स्थिति सिर्जना भएको छ । जसका कारण सबै प्रदेश र जिल्ला तथा अधिकांश स्थानीय निकायहरू बहुभाषिक बनेका छन् । त्यस्तै नेपालका मातृभाषाहरूको अवस्थामा पनि विविधता पाइन्छ । नेपाली भाषा जस्तो शिक्षा, साहित्य, प्रशासन, कानुन, वाणिज्य, प्रकाशन लगायतका विविध क्षेत्रका साथै पहिलो र दोस्रो भाषाका रूपमा ठुलो जनसङ्ख्याले प्रयोग गर्ने भाषा पनि नेपालमा रहेको छ । त्यस्तै मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार जस्ता आफ्नै साहित्य, लिपि, शिक्षाको माध्यम, प्रकाशन जस्ता कार्यहरू समेत हुने तर वक्तासङ्ख्या अत्यन्त कम भएका भाषाहरू पनि रहेका छन् भने कुसुन्डा, बनकरिया जस्ता लोपोन्मुख भाषा पनि रहेका छन् । प्रभावशाली भाषातर्फ वक्ताका आकर्षणका कारण धेरै भाषाका वक्तासङ्ख्या घट्दो क्रममा छन् । नेपालका जनगणनाले प्रस्तुत गरेको भाषिक तथ्यका आधारमा भाषाहरूको प्रयोगावस्ता पहिचान गर्नु यस लेखको उद्देश्य हो । भाषाको प्रयोगावस्था पहिचान गर्न नेपालका विभिन्न जनगणनाले प्रस्तुत गरेका भाषाका सङ्ख्यालाई मुख्य आधार लिएर त्यसलाई विभिन्न तहमा वितरणको अवस्था पहिचान गरिएको छ । यस क्रममा कुन भाषाका वक्ता सङ्ख्या घट्दो वा बढ्दो कस्तो प्रवृत्तिमा अगाडि बढेका छन् भन्ने पक्षको समेत खोजी गरी मातृभाषाका वक्तासङ्ख्याका आधारमा भाषाको परिवर्तनको प्रवृत्ति र दिशा पत्ता लगाउने उद्देश्यमा यो लेख केन्द्रित रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानात्मक ढाँचामा आधारित छ । गुणात्मक ढाँचाअन्तर्गत पर्ने वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी यो लेख तयार पारिएको छ । बहुभाषी मुलुक नेपालमा प्रचलित मातृभाषाहरूको वक्तासङ्ख्याको आधारमा तिनका प्रयोक्ता, प्रदेश, जिल्ला र स्थानीय तहस्तरमा तिनको वितरणको स्थिति र परिवर्तनको प्रवृत्ति र लोपोन्मुखताको अवस्था पहिचान गरिएको छ । यस क्रममा नेपालमा भएका जनगणनाले प्रस्तुत गरेका भाषिक तथ्याङ्कलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । नेपालका हालसम्मका जनगणनाले प्रस्तुत गरेका भाषा सङ्ख्या, वि.सं. २०७८ को जनगणना अनुसार भाषाको प्रदेशगत, जिल्लागत र स्थानीय तहगत

वितरण तथा वि.सं. २०५८, २०६८ र २०७८ को जनगणनाका आधारमा मातृभाषाहरूको परिवर्तनको प्रवृत्ति र दिशा पहिचान गरिएको छ ।

यस लेखमा द्वितीयक स्रोतका सामग्री सामग्रीका रूपमा चयन गरिएको छ । नेपालका विभिन्न जनगणनाले प्रस्तुत गरेको भाषा सङ्ख्यालाई स्तम्भचित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यस्तै भाषाको विभिन्न तगहत आधारमा रहको वितरणलाई पनि स्तम्भचित्रमा प्रस्तुत गर्दै भाषासङ्ख्याका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । पछिल्लो तीन दशकमा भएका जनगणनाले प्रस्तुत गरेका भाषिक तथ्याङ्कलाई आधार मानेर भाषाको प्रवृत्तिको तुलनात्मक विश्लेषणसमेत गरिएको छ । यस विश्लेषणबाट नेपालको भाषाको वितरणको अवस्था पहिचान गरी र पछिल्लो तीन दशकमा भएको भाषिक परिवर्तनको प्रवृत्ति र दिशालाई निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । अन्त्यमा विभिन्न पूर्व अध्ययन तथा विद्वान्हरूका विचारका दृष्टिबाट नेपालको भाषिक वितरण र परिवर्तनको अवस्थाका बिचमा भाषिक संरक्षणको कार्यका दृष्टिबाट विश्लेषण गरी निष्कर्षम पुगिएको छ ।

## सैद्धान्तिक आधार

बहुभाषिक राज्यमा रहेका भाषामध्ये कुन कुन भाषा कुन स्थानमा बोलिन्छन्, कुन भाषाको स्तर कस्तो छ, कुन स्थानमा कति भाषिक वक्ता उपस्थित छन् भन्ने पहिचान गर्नुपर्छ । यसबाट कुनै पनि स्थानमा रहेका भाषाहरूको वितरण थाहा पाउन सकिन्छ । यसबाट भाषाका बारेमा जानकारी प्राप्त भई राज्यले कस्तो भाषिक नीति अवलम्बन गर्ने, कुन भाषाको संरक्षणका लागि कस्तो नीति लिने जानकारी प्राप्त हुन्छ ।

कुनै पनि भाषाको प्रयोग व्यवहार कम हुँदै गई लोपतर्फ उन्मुख भएको अवस्थालाई भाषाको लोपोन्मुखता भनिन्छ । भाषाको लोपोन्मुख स्थिति (इन्डेन्जरमेन्ट) ले भाषा लोपतर्फ उन्मुख भएको अवस्थालाई सङ्केत गर्दछ लोपोन्मुख शब्दले त्यस्तो प्रक्रियालाई सङ्केत गर्दछ जुन भाषाको घट्दो प्रयोगबाट आरम्भ भई भाषा मृत्युसम्म पुग्दछ (UNESCO, 2005) । लोपोन्मुखता भाषाका निश्चित लोपोन्मुख, विविधतामयी लोपोन्मुख र गम्भीर लोपोन्मुख गरी मुख्य तीन तह हुन्छन् । सबै पुस्ताले मौखिक रूपमा प्रयोग गर्ने तथा बच्चा जन्माउने पुस्तामध्ये केहीले मात्र आफ्ना सन्तानलाई भाषा हस्तान्तरण गरेको अवस्था विद्यमान भएका भाषालाई निश्चित लोपोन्मुख भाषा, हजुरबुबा पुस्ता मात्र सक्रिय प्रयोगकर्ताको रूपमा बाँकी रहेको अवस्था विद्यमान रहेको भाषालाई विविधतामयी लोपोन्मुख भाषा र वृद्ध वा हजुरबुबा पुस्ता मात्र प्रयोगकर्ताका रूपमा बाँकी रहेको र तिनले पनि भाषा प्रयोगको सीमित अवसर प्राप्त गर्ने अवस्था बाँकी रहेको अवस्थालाई गम्भीर लोपोन्मुख भाषाका रूपमा लिन सकिन्छ (Regmi, 2017) । यसरी भाषा पुस्तान्तरण हुन नसक्दा लोपोन्मुख हुने स्थिति देखा पर्छ । इथ्नोलगले सन् २०२१ मा गरेको सर्भे अनुसार विश्वमा प्रचलित सातहजार भन्दा बढी भाषमध्ये ४२ प्रतिशत भाषाहरू लोपउन्मुख छन् । Woodbury (2012) विश्वका थुप्रै भाषाका वक्ताहरू प्रभावशाली भाषाको प्रयोगतर्फको आकर्षित भएका कारण कारण ती भाषाहरू निकट भविष्यमा नै लोप हुने तर्क गर्दछन् । उनको यस भनाइले अङ्ग्रेजी

लगायतका विश्वव्यापी बनेका प्रभावशाली भाषाका कारण थोरै वक्ता भएका विश्वका विभिन्न देशका सीमित स्थानका सीमित वक्तासङ्ख्या भएका भाषाहरू दिनानुदिन खुम्चिँदै गएको तथ्यलाई सङ्केत गर्दछ ।

समाजमा प्रचलित भाषा कसरी प्रयोग भइरहेको छ भन्ने कुराको अध्ययन गरी स्तरगत वर्गीकरण गर्न सकिन्छ। भाषा कुन कुन क्षेत्रमा कसरी प्रयोग भइरहेको छ, भाषाको अभिव्यक्ति क्षमता कस्तो छ र मुख्य रूपमा भाषाको प्रयोग कुन पुस्ताले कत्तिको महत्त्वका साथ कसरी गरिरहेको छ भन्ने जस्ता पक्षहरूको जानकारीपछि भाषाको स्तरगत वर्गीकरण गर्न सकिन्छ। भाषाको स्तर तथा लोपोन्मुखताको अध्ययन तथा विश्लेषणका लागि भाषावैज्ञानिकहरूले विभिन्न ढाँचाहरूको निर्माण गरेका छन् । तीमध्ये फिसम्यान (सन् १९११) ले प्रस्ताव गरेको Graded Intergenerational disruption scale (GIDS) आठ ओटा तह रहेको वर्गीकरण सबैभन्दा चर्चित रहेको थियो । फिसम्यानको वर्गीकरणलाई सन् २०१० मा विद्वान्द्वय लेबिस र साइमन्स ले केही परिमार्जनसहित The expanded Graded Integrational Disruption Scale (EGIDS) का रूपमा विकास गरेका छन् । यस स्केलमा १३ तह (अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रादेशिक, व्यापक सञ्चार, शैक्षिक, विकासशील, सशक्त, सङ्कटग्रस्त, अपशरणशील, लोपोन्मुख, मृतप्राय, सुषुप्त, लुप्त) रहेका छन् । भाषा वर्गीकरणको यो स्केललाई आधार मानेर विश्वका विभिन्न देशका मातृभाषाको अवस्थालाई वर्गीकरण गर्ने गरिन्छ । फिसम्यानको भाषा वर्गीकरणको स्केललाई आधार मानेर विश्वका विभिन्न सङ्घसंस्थाले केही परिमार्जनसहित भाषाको स्तरगत वर्गीकरणका आधारहरू निर्माणसमेत गरेका छन् । लोपोन्मुखता मापनका लागि युनेस्कोले सन् २०१० मा ९ ओटा आधारहरू तय गरेको छ । जसअन्तर्गत वक्ताको पर्याप्त सङ्ख्या, अन्तरपुस्ता भाषा हस्तान्तरण, आफ्नै भाषाप्रति समुदायका सदस्यको अभिवृत्ति, भाषा प्रयोगको क्षेत्रगत स्थानान्तरण, भाषाप्रतिको सरकारी र संस्थागत प्रवृत्ति र नीति, कार्यालयगत अवस्था र प्रयोग, दस्तावेजीकरणको प्रकार र गुणस्तर, नयाँ क्षेत्र र सञ्चारप्रतिको प्रतिक्रिया, भाषा शिक्षा र साक्षरताका लागि सामग्रीको उपलब्धता, कुल जनसङ्ख्यामध्ये वक्ताको अनुपात रहेका छन् । यीमध्ये कुनै एउटा आधार मात्र पर्याप्त नभई सबैजसो आधारलाई भाषाको अवस्थासँग दाँजेर हेरेपछि उक्त भाषा जीवन्त वा लोपोन्मुख कस्तो छ पहिचान गर्न सकिन्छ (युनेस्को, २०११) । यी आधारका दृष्टिमा भाषा सशक्त भएमा उक्त भाषा जीवन्त हुन्छ भने कमजोर भएमा भाषा लोपोन्मुख भएको मानिन्छ । यस्तै भाषाका लोपोन्मुखताको मूल्याङ्कन/निर्धारण गर्न युनेस्कोले सन् २०१० मा पाँच ओटा तहहरू निर्धारण गरेको थियो । जसमा असुरक्षित (unsafe), निश्चिप्राय लोपोन्मुख (definitely endangered), विविधतामयी लोपोन्मुख (severely endangered), सङ्कटग्रस्त लोपोन्मुख (critically endangered) र सुषुप्त/मृत (extinct) रहेका छन् । युनेस्को (सन् २०१०) ले खतरामा रहेका विश्वका भाषाहरूको नक्सा (एटलस) प्रस्तुत गर्दै २५०० भाषाहरूलाई उल्लिखित पाँच वर्गमा विभाजन गरेको छ । त्यस्तै इथ्नोलग (सन् २००९) ले भाषाको जीवन्तताको वर्गका रूपमा जीवन्त, दोस्रो भाषा, लुप्तप्राय, निष्क्रिय/सुषुप्त, लुप्त वा मृत गरी भाषाको जीवन्तताका पाँच वर्ग प्रस्तुत गरी

विश्वका विभिन्न देशका भाषालाई वर्गीकरण गरेको देखिन्छ । यी विभिन्न वर्गीकरणका आधारमा भाषालाई वर्गीकरण गर्न सकिन्छ । विश्वमा प्रचलित भाषाका वर्गीकरणका माथि प्रस्तुत गरिएका आधारले एउटा दिशानिर्देश गर्दछ । यी आधारहरूलाई उपयोग गरी कुनै पनि देशमा प्रचलित भाषाहरूको वर्गीकरणका लागि एउटा वर्गीकरणको आधार तय गरी त्यसमा आधारित सूचकहरू निर्धारण गर्नुपर्छ । यसरी तयार गरिएको सूचकसँग सम्बन्धित सूचना तथा तथ्याङ्क सङ्कलन गरेर सूचकका आधारमा भाषाको वैज्ञानिक वर्गीकरण गर्न सकिन्छ ।

भाषाको स्तर पहिचान गर्ने विविध आधारमध्ये एक महत्त्वपूर्ण र प्रमुख आधारका रूपमा वक्तासङ्ख्यालाई लिइन्छ । वक्तासङ्ख्या जति बढी भयो भाषाका गतिविधि सञ्चालन हुन्छ । भाषाको स्तरगत तथा वितरणको भाषाको वक्तासङ्ख्या कति छ, तिनको वितरण कस्तो छ भन्ने थाहा पाएपछि कुनै राष्ट्र तथा राष्ट्रको निश्चित स्थानमा भाषाको उपस्थिति र ती भाषाको अवस्थाबारे जानकारी प्राप्त हुन्छ । जसका आधारमा निश्चित खालको भाषानीति र भाषा योजना निर्माण गर्ने वस्तुगत आधार प्राप्त हुन्छ ।

## नतिजा


प्रस्तुत लेखको नतिजा अन्तर्गत नेपालमा प्रचलित मातृभाषाहरूको वितरण, परिवर्तनको प्रवृत्ति र लोपोन्मुखतालाई प्रस्तुत गरिएको छ । यस क्रममा नेपालका जनगणनाले प्रस्तुत गरेका मातृभाषाको सङ्ख्या, मातृभाषाको प्रदेशगत, जिल्लागत, स्थानीय तहगत वितरणका साथै भाषा परिवर्तनका विभिन्न अवस्था पहिचान गरेर प्रस्तुत गर्नाका साथै लोपोन्मुखतालाई समेत दृष्टान्तसहित चर्चा गरिएको ।

### विभिन्न जनगणनामा मातृभाषाको सङ्ख्या

नेपालमा बोलिने मातृभाषाहरूका बारेमा हालसम्म उपलब्ध आधिकारिक तथ्याङ्क जनगणनाले प्रस्तुत गरेको तथ्याङ्क हो । भाषिक गणनाका लागि गहन भाषिक सर्वेक्षण कार्यको प्रयास गरिए पनि त्यस्ता कार्य राष्ट्रव्यापी र निरन्तर हुन सकेका छैनन् । जनगणनामा प्रस्तुत गरिएको भाषिक तथ्याङ्क नै देशमा प्रचलित मातृभाषाका सम्बन्धमा हालसम्म उपलब्ध विस्तृत र उपलब्ध भएकामध्येको भरपर्दो तथ्याङ्क हो । हालसम्मका जगनणनामा प्रस्तुत गरिएको मातृभाषाको सङ्ख्यालाई तल प्रस्तुत गरिएको छ :

**चित्र १**

*विभिन्न जनगणनाअनुसार मातृभाषाका सङ्ख्या*




स्रोत : नेपालका राष्ट्रिय जनगणनाहरू ।


चित्र नं. १ मा प्रस्तुत गरिएको नेपालका विभिन्न जनगणनाका तथ्याङ्कले जनगणनापिच्छे मातृभाषाको सङ्ख्यामा निरन्तर र ठुलो भिन्नता भएको अवस्थालाई प्रस्तुत गरेको छ । जनगणनाका तथ्याङ्कमा यस किसिमको भिन्नता देखा पर्नुमा मुख्यतः जनगणनामा भाषालाई प्राथमिकता नदिइनु, भाषिक विविधताबारे जनचेतनाको कमी, जनगणनामा भाषाहरूको निर्धारणका लागि कुनै विशेष प्रयास नहुनु (यादव, २०७४) तथा भाषालाई राज्यले महत्त्व नदिनु, भाषासम्बन्धी गहन अध्ययन तथा अनुसन्धानहरूको अभाव जस्ता कारणहरूले प्रभाव पारेको देखिन्छ । यसले जनगणनामा मात्रै भर नपरी भाषिक तथ्याङ् सङ्कलन गर्न भाषिक सर्वेक्षणको अवश्यकता रहेको देखिन्छ ।

**मातृभाषाको प्रदेशगत वितरण**

नेपालको संविधान (वि.सं. २०७२) अनुसार नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्था भएको राज्य हो । नेपालको राज्यसञ्चालन सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारबाट हुँदै आएको छ । यसर्थ प्रदेशका आधारमा राज्यमा रहेका मातृभाषाको सङ्ख्या, तिनको अवस्थाबारे पहिचान गरी तिनको पहिचान, संरक्षण र संवर्धनका कार्य प्रदेशगत रूपमा हुनु वाञ्छनीय हुने देखिन्छ । यहाँ वि.सं. २०७८ को जनगणले प्रस्तुत गरेको तथ्याङ्कका आधारमा नेपालमा बोलिने मातृभाषाको प्रदेशगत वितरणलाई तल प्रस्तुत गरिएको छ :

**चित्र २**

*मातृभाषाको प्रदेशगत वितरण*




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।

चित्र नं. २ ले वि.सं. २०७८ को जनगणना अनुसार मातृभाषाको प्रदेशगत वितरणलाई प्रस्तुत गरेको छ । यसबाट सबै प्रदेश बहुभाषी रहेको देखिन्छ । प्रस्तुत गरिएको विवरणका आधारमा मातृभाषाको सङ्ख्याको आधारमा सबैभन्दा बढी कोशी र वागमती प्रदेशमा समान १०७ भाषा बोलिने तथा सबैभन्दा कम कर्णाली प्रदेशमा ४८ भाषा बोलिने तथ्य स्तम्भचित्रले देखाएको छ । यस तथ्यले भाषाको सङ्ख्यामा केही धेरै वा थोरै भए पनि नेपालका


सबै प्रदेशहरूमा बहुभाषिकताको स्थिति रहेको र सबै प्रदेशले बहुभाषिक नीति अवलम्बन गर्नु आवश्यक देखिन्छ ।

## मातृभाषाको जिल्लागत वितरण

नेपालको प्रशासनिक विभाजनको अर्को आधार जिल्ला हो । तीन तहको वर्तमान सङ्घीय शासनव्यवस्थामा जिल्लाहरूलाई समेटी प्रदेश निर्माण गरिएको र प्रत्येक जिल्लामा निश्चित सङ्ख्यामा स्थानीय तहहरू रहेका छन् । वि.सं. २०७८ को जनगणनाले प्रस्तुत गरेको तथ्याङ्कका आधारमा नेपालका ७७ जिल्लामा मातृभाषाको वितरणको अवस्थालाई तलको चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र ३**

*मातृभाषाको जिल्लागत वितरण*




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८ ।

चित्र नं. ३ ले नेपालका मातृभाषाको जिल्लागत वितरणको अवस्थालाई प्रस्तुत गरेको छ । मातृभाषालाई जिल्लागत रूपमा हेर्दा नेपालका सबै जिल्लाहरू बहुभाषिक देखिन्छन् । सबैभन्दा कम मातृभाषा बोलिने जिल्ला मुगु र रुकुमपूर्वमा समान १० मातृभाषा बोल्ने वक्ता तथा सबैभन्दा बढी ९७ मातृभाषाका वक्ता काठमाडौँ जिल्लामा बसोबास गर्ने गरेको देखिन्छ । यसले सबै जिल्लामा बहुभाषी नीति अवलम्बन आवश्यक रहेको देखिन्छ । भाषाको कतिपय यसरी विभिन्न जिल्लामा भाषा सङ्ख्यामा समानता रहेको देखिए पनि ती जिल्लामा बोलिने भाषाहरू फरक फरक रहेका छन् । यद्यपि एउटै भाषा फरक फरक जिल्लामा समेत बोलिने हुँदा फरक विशेषता र अवस्थाका बिचमा पनि फरक फरक जिल्लाले एकआपसमा मिलेर बहुभाषिक नीति अवलम्बन गर्नुपर्ने आवश्यकतालाई समेत यसले सङ्केत गरेको छ ।

## मातृभाषाको स्थानीय तहगत वितरण

हाल नेपालमा ७५३ ओटा स्थानीय तह रहेका छन् । स्थानीय तहगत रूपमा नेपालका मातृभाषाका सङ्ख्या र तिनको वितरणलाई हेर्ने हो भने अत्यन्त विविधतायुक्त देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार सबैभन्दा बढी भाषा बोलिने काठमाडौँ महानगरपालिकामा मात्रै ९४ मातृभाषा बोलिन्छन् । त्यस्तै ललितपुर महानगरपालिकामा ७२ भाषा, बुढानीलकण्ठ नगरपालिकामा ७०, गोकर्णेश्वर नगरपालिकामा ५६, नागार्जुन नगरपालिका र टोखा नगरपालिकामा समान ५२ मातृभाषा, बोलिन्छन् । एउटा भाषा मात्रै बोलिने र दुई ओटा भाषा मात्रा बोलिने पालिकाहरूको सङ्ख्या पनि धेरै रहेको छ । यस्ता पालिकाहरूमा मुगुको सोरु गाउँपालिका (१ भाषा), खत्याड गाउँपालिका (२ भाषा), मुस्ताङको लो-धेकर

दामोदरकुण्ड गाउँपालिका (२ भाषा), मनाङको नार्पाभूमि गाउँपालिका (२ भाषा), डोल्पाका मुड्केचुला र छार्का गाउँपालिका (२ भाषा), जाजरकोटको शिवालय गाउँपालिका (२ भाषा), गुल्मीको मदाने गाउँपालिका (२ भाषा), कालीकोटको पचालझरना गाउँपालिका (१ भाषा), नरहरिनाथ गाउँपालिका (२ भाषा), महावै गाउँपालिका (२ भाषा), सल्यानको कुमाख र दार्मा गाउँपालिका (२ भाषा), हुम्लाको ताँजाकोट र चङखेली गाउँपालिका (१ भाषा), अदानचुली गाउँपालिका (२ भाषा), रुकुमपश्चिममो आठबिसकोट नगरपालिका (२ भाषा) मा कम भाषा प्रचलनमा रहेको देखिन्छ। यसले नेपालका पालिकाहरू एकभाषीदेखि बहुभाषीसम्म रहेका र पालिकामा बोलिने भाषा सङ्ख्या पालिका अनुसार भिन्न रहेको स्पष्ट हुन्छ । पालिकामा बोलिने मातृभाषाको सङ्ख्यामा पनि ठुलो भिन्नता रहेको छ । यस खालको यथार्थतालाई मध्यनजर गर्दै पालिकाले आफ्नो भाषानीति तयार पार्नु आवश्यक देखिन्छ ।

## नेपालका मातृभाषाको परिवर्तनको प्रवृत्ति

समयको परिवर्तनसँगै कुनै पनि भाषा अवलम्बन गर्ने तथा उक्त भाषालाई त्याग्दै जाने क्रम चलिरहन्छ । कुनै पनि भाषाका वक्तासङ्ख्या धेरै हुनु, पछिल्लो पुस्ताले उक्त भाषाको प्रयोगलाई निरन्तरता दिनु उक्त भाषाको जीवन्तताका लागि महत्त्वपूर्ण आधार पनि हो । भाषाको प्रयोग प्रभावकारी रूपमा ठुलो जनसमूहमा व्यापक रूपमा हुने क्रममा उक्त भाषाका गतिविधि व्यापक दायरामा विस्तार हुने सम्भावना बढी हुन्छ । यसले भाषाको प्रभाव बढ्दै गई भाषा पुस्तान्तरण हुँदै गई जीवन्त हुने आधार तयार हुन्छ। तर भाषाका वक्तासङ्ख्या घट्दै जाँदा उक्त भाषाको प्रयोग कम हुँदै गई उक्त भाषा भाषा सङ्कटतर्फ उन्मुख हुन्छ । यस लेखमा नेपालमा पछिल्लो तीन दशकमा भएका वि.सं. २०५८, वि.सं. २०६८ र वि.सं. २०७८ का तीन ओटा जनगणनाले प्रस्तुत गरेका मातृभाषा र तिनको वक्तासङ्ख्याका आधारमा मातृभाषाका वक्तासङ्ख्यामा आएको परिवर्तनको अवस्थाको विश्लेषण गरी त्यसको परिवर्तनको प्रवृत्ति ठम्याउने प्रयास गरिएको छ। मातृभाषाका वक्तासङ्ख्याका सन्दर्भमा देखा परेको परिवर्तनको प्रवृत्तिलाई उक्त भाषाको भाषाका वक्तासङ्ख्यामा आएको परिवर्तन र देशको कुल जनसङ्ख्याको अनुपातमा उक्त भाषका प्रयोक्ताको सङ्ख्यामा आएको परिवर्तनका आधारमा निर्धारण गरिएको छ ।

## वक्तासङ्ख्या र प्रतिशत दुवैमा वृद्धि

मातृभाषाका वक्तासङ्ख्यामा देखा परेको परिवर्तनको एउटा प्रवृत्ति रूपमा मातृभाषी वक्ता र प्रतिशत दुवै बढ्दै गएको आएको अवस्था हो । यस खालको प्रवृत्ति रहेका केही भाषाका प्रयोक्ता सङ्ख्यालाई यहाँ दृष्टान्तका रूपमा प्रस्तुत गरिएको छ। वि.सं. २०५८ को जनगणनाअनुसार बज्जिका मातृभाषी वक्ताको जनसङ्ख्या २३७९४७ जना, वि.सं. २०६८ को जनगणना अनुसार ७,३९,४१३ जना र वि.सं. २०७८ को जनगणना अनुसार ११,३३,७६४ जना रहेको थियो । जुन वि.सं. २०५८, २०६८ र २०७८ सालको कुल जनसङ्ख्याको क्रमशः १.०५ प्रतिशत, २.७९ प्रतिशत) र ३.८९ प्रतिशत हुन आउँछ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८, २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)। त्यस्तै चाम्लिङ भाषाका वक्तासङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ को जनगणना अनुसार क्रमश : ४४,०९३ जना, ७६,८००

जना र ८९०३७ जना रहेको थियो । जुन वि.सं. २०५८, २०६८ र २०७८ को कुल जनसङ्ख्याको क्रमशः ०.१९ प्रतिशत, ०.२८ प्रतिशत र ०.३१ प्रतिशत हुन आउँछ । त्यस्तै चेपाङ भाषाका वक्तासङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ को जनगणना अनुसार क्रमशः ५८,३९२ जना, ४८,४७६ जना र ३६८०७ जना (राष्ट्रिय जनगणना, २०५८, २०६८ र २०७८) रहेको थियो । जुन वि.सं. २०५८, २०६८ र २०७८ को जनगणना अनुसार क्रमशः ०.१८ प्रतिशत, ०.२ प्रतिशत र ०.१६ प्रतिशत हुन आउँछ । त्यस्तै कुमाल भाषामा पनि यो अवस्था देखिन्छ । कुमाल भाषाका वक्तासङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ को जनगणना अनुसार क्रमशः ६५३३ जना, १२,२२२ जना, १८४३५ जना (राष्ट्रिय जनगणना, २०५८, २०६८ र २०७८) रहेको थियो । जुन जुन वि.सं. २०५८, २०६८ र २०७८ तत्कालीन समयको कुल जनसङ्ख्याको ०.०३ प्रतिशत, ०.०४६ प्रतिशत र ०.०६ हुन आउँछ । यस्तो प्रवृत्ति सन्थाली, अङ्गिका, खालिङ, मुसलमान, संस्कृत भाषामा पनि देखिन्छ ।

## वक्तासङ्ख्यामा वृद्धि तर र प्रतिशतमा कमी

नेपालका मातृभाषाका वक्तासङ्ख्यामा आएको परिवर्तनको अर्को प्रवृत्ति मातृभाषाको वक्तासङ्ख्या बढ्दै गएका तर तिनको कुल जनङ्ख्याको प्रतिशत का दृष्टिले घट्दै गएको अवस्था हो । यस्तो परिवर्तन आएका भाषामा सम्बन्धित भाषाका वक्ता सङ्ख्यामा वृद्धि भए पनि राज्यको कुल जनसङ्ख्याको अनुपातमा प्रयोक्ताको प्रतिशत कम हुँदै गएको देखिन्छ । यसको उदाहरणका रूपमा मैथिली भाषालाई लिन सकिन्छ । मैथिली भाषाका प्रयोक्ताको सङ्ख्या वि.सं. २०५८, वि.सं. २०६८, वि.सं. २०७८ मा क्रमशः २७९७५८२ जना, ३०,९२,५३० जना र ३२२२३८९ जना रहेको थियो । यी जुन वि.सं. २०५८, २०६८ र २०७८ को जनगणनामा मैथिली भाषा प्रयोक्ताको प्रतिशत क्रमशः कुल जनसङ्ख्याको १२.३० प्रतिशत, ११.६७ प्रतिशत र ११.०५ प्रतिशत रहेको थियो । यस्तै परिवर्तनको प्रवृत्ति तामाङ भाषामा पनि पाइन्छ । तामाङ भाषाका प्रयोक्ताको सङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ को जनगणनामा क्रमशः ११७९१४५ जना, १३,२९,८७५ जना र १४२३०७५ जना रहेको थियो । जुन जुन वि.सं. २०५८, २०६८ र २०७८ को जनगणनाको कुल जनसङ्ख्याको क्रमशः ५.१९ प्रतिशत, ५.१० प्रतिशत र ४.८८ प्रतिशत हुन आउँछ । वक्तासङ्ख्यामा वृद्धि र प्रतिशत घट्दै गएको प्रवृत्ति देखा पर्ने अर्को भाषा नेवारी हो । यस भाषाका प्रयोक्ताको सङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ मा क्रमशः ८२५४५८ जना, ८,४६,५५७ जना र ८६३३८० जना रहेको थियो । जुन वि.सं. २०५८, २०६८ र २०७८ को जनगणनामा नेवारी भाषा प्रयोक्ताको सङ्ख्या कुल जनसङ्ख्याको क्रमशः ३.६३ प्रतिशत, ३.१० प्रतिशत र २.९६ प्रतिशत हुन आउँछ । यस्तो प्रवृत्ति मैथिली, तामाङ, नेवारी भाषाका अतिरिक्त दनुवार, कुलुङ, थामी लगायतका भाषामा पनि देखिन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८ र २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) । यस किसिमको परिवर्तनको प्रवृत्तिले जनसङ्ख्या वृद्धिसँगै केही मात्रामा वक्तासङ्ख्या बढे पनि कम सङ्ख्याम मात्रै बढ्नुले कुल जनसङ्ख्याको प्रतिशतमा वृद्धि हुन नसकेको अवस्थालाई सङ्केत गर्दछ ।

## वक्तासङ्ख्या र प्रतिशत दुवैमा कमी

नेपालका मातृभाषाका वक्ताका सन्दर्भमा देखा परेको अर्को प्रवृत्ति वक्तासङ्ख्या र प्रतिशत दुवैमा कमी आउनु हो । प्रभावशाली भाषाको प्रभावका कारण वक्ताहरू अर्को भाषातर्फ आकर्षित हुँदै जाँदा यस्तो स्थिति आइपर्छ । वक्तासङ्ख्या निरन्तर घट्दै गएको अवस्था छन्त्याल भाषामा देखा पर्छ । यस भाषाको प्रयोग गर्ने वक्ताको सङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ को जनगणना अनुसार भाषाको प्रयोक्ताको सङ्ख्या क्रमशः ५,९१२ जना, ४,२८३ जना र ४,२८२ जना रहेको थियो । वक्तासङ्ख्या निरन्तर घट्दै गएको अर्को भाषा दुरा हो । दुरा भाषाका वक्ताको सङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ को जनगणनामा क्रमशः ३,३९७ जना, २,१५६ जना र १९९१ जना रहेको थियो । यस्तै साङ्केतिक भाषाका प्रयोक्ताको सङ्ख्या वि.सं. २०५८, वि.सं. २०६८ र २०७८ को जनगणनामा क्रमशः ५,७४३ जना, ४,४७६ जना र १,७८४ जना (राष्ट्रिय जनगणना, २०५८, २०६८ र २०७८) रहेको थियो । खरिया भाषाको वक्ता सङ्ख्या वि.सं. २०५८, वि.स.. २०६८ र वि.सं. २०७८ को जनगणनामा क्रमशः १,५७५ जना, २३८ जना र १३२ जना (राष्ट्रिय जनगणना, २०५८, २०६८ र २०७८) रहेको थियो । त्यस्तै कुसुन्डा भाषाका वक्ताको सङ्ख्या वि.सं. २०५८, २०६८ र २०७८ को जनगणनामा क्रमशः ८७ जना, २८ जना र २३ जना रहेको थियो (केन्द्रीय तथ्याङ्क विभाग, २०५८ र २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) । यी भाषाका वक्तासङ्ख्या कुल जनसङ्ख्याको प्रतिशका दृष्टिले पनि कम हुँदै गएको देखिन्छ । यसरी निरन्तर रूपमा वक्तासङ्ख्या घट्दै जाँदा यी भाषाहरू सङ्कटतर्फ उन्मुख भएका देखिन्छन् । यी भाषाहरूमध्ये पनि अत्यन्त थोरै वक्तासङ्ख्या भएका कुसुन्डा, खरिया जस्ता भाषा वक्तासङ्ख्या घट्दै गई लोपोन्मुताको दिशातर्फ उन्मुख भएका छन् । वक्तासङ्ख्या र प्रतिशत घट्दै जानु भाषिक अस्तित्वका दृटिले नकारात्मक अवस्था हो ।

## अस्थिर र अस्वाभाविक परिवर्तन

नेपालका मातृभाषाका वक्तासङ्ख्याका सन्दर्भमा देखा परेको अर्को प्रवृत्ति अस्थिरता र अस्वाभाविक परिवर्तनको स्थिति हो। अस्थिरताको प्रवृत्ति देखिने भाषाका वक्ताहरूको सङ्ख्या अस्वाभाविक रूपमा कुनै जनगणनामा बढेको र कुनै जनगणनामा घटेको स्थिति देखा परेको छ जसलाई यहाँ अस्थिर अवस्थाको चित्रण गरिएको छ । भोजपुरी भाषामा यस्तो अवस्था पाउन सकिन्छ । यस भाषाका वक्ता वि.सं. २०५८, वि.सं. २०६८ र २०७८ सालको जनगणना अनुसार क्रमशः १७,१२,५३६ जना, १५,८४,९५८ जना र १८२०७९५ जना रहेका थिए । त्यस्तै अवधी भाषाका वक्तासङ्ख्या वि.सं. २०५८, वि.सं. २०६८ र वि.सं. २०७८ मा क्रमशः ५६०७४४ जना, ५,०१,७५२ जना र ८६४२७६ जना रहेको थियो । उर्दू भाषाका वक्ता वि.सं. २०५८, वि.सं. २०६८ र वि.सं. २०७८ को जनगणनामा क्रमशः १७४८४० जना, ६,९१,५४६ जना र ४१३७८५ जना रहेको थियो । यो अवस्था गुरुङ भाषामा पनि देखिन्छ । गुरुङ भाषाका वक्तासङ्ख्या वि. सं. २०५८, वि.सं. २०६८ र वि.सं. २०७८ को जनगणनामा क्रमशः ३,३८,९२५ जना, ३,२५,७२२ जना र ३,२८,०७४ जना रहेको थियो । यो अस्थिरताको अवस्था राजवंशी,

शेर्पा, हिन्दी, बङ्ला लगायतका भाषामा पनि पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८ र २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०)।


नेपालमा पछिल्लो समयमा कतिपय मातृभाषाका वक्तासङ्ख्या अघिल्लो र पछिल्लो जनगणनाका क्रममा सम्बन्धित भाषिक प्रयोक्ताको ठुलो जनसाङ्ख्यिक परिवर्तनबिना नै मातृभाषा प्रयोक्ताको सङ्ख्यामा ठुलो परिवर्तन देखिएको छ । यस अवस्थालाई यहाँ अस्वाभाविक परिवर्तनका रूपमा चर्चा गरिएको छ । यो अवस्था खासगरी वि.सं. २०६८ को जनगणनाभन्दा अगाडि नेपाली भाषाकै भाषिकाका रूपमा रहेका भाषाहरूमा मुख्य रूपमा देखिन्छ । डोटेली मातृभाषी वक्ताको सङ्ख्या २०६८ को जनगणना अनुसार ७,८७,८२७ जना रहेकामा वि.सं. २०७८ मा घटेर ४९४८६४ जना पुगेको छ। त्यस्तै खस मातृभाषी वक्ताको सङ्ख्या वि.सं. २०६८ को जनगणनामा १,७४७ जना रहेकामा वि.सं. २०७८ को जनगणनामा ११७५११ जना (राष्ट्रिय जनगणना, २०६८ र २०७८) पुगेको देखिन्छ। त्यस्तै बाजुरेली मातृभाषी वक्ताको सङ्ख्या वि.सं. २०६८ को जनगणनामा १०,७०४ जना रहेकामा वि.सं. २०७८ मा ५६,४८६ जना पुगेको छ। दार्चुलेली भाषाका वक्ताको सङ्ख्या वि.सं. २०६८ को जनगणना अनुसार ५,९२८ जना रहेकामा वि.सं. २०७८ को जनगणनामा ४५६४९ जना (राष्ट्रिय जनगणना, २०६८ र २०७८) पुगेको छ। त्यस्तै डडेलधुरी मातृभाषी वक्तासङ्ख्या वि.सं. २०६८ मा ४८८ जना रहेकामा वि.सं. २०७८ को जनगणनामा २१,३०० जना पुगेको थियो (केन्द्रीय तथ्याङ्क विभाग, २०५८ र २०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०) । यसप्रकार दश वर्षको अवधिमा गरिएको जनगणनामा यसरी ठुलो सङ्ख्यामा आएको परिवर्तन निकै अस्वाभाविक देखिन्छ । यस्तो अस्वाभाविकता देखिनुले मातृभाषाका सम्बन्धमा गरिने अध्ययनमा तथा नीति निर्माणका सन्दर्भमा अन्योलता सिर्जना भएको छ। वक्तासङ्ख्या धेरै हुनुलाई शक्तिका रूपमा लिई धेरै वक्तासङ्ख्या हुँदा आफ्नो भाषा र जातिको शक्ति बढ्न गई पहिचान निर्माण गर्न र संरक्षण गर्न सजिलो हुन्छ भन्ने गर्ने सोचाइका कारण भाषाका वक्तासङ्ख्याको यथार्थ तथ्यलाई जनगणनाले प्रस्तुत गर्न सकेको छैन ।

## नेपालका भाषाहरूको लोपोन्मुखता

बहुभाषी मुलुक नेपालका धेरै भाषाहरू कम वक्तासङ्ख्या र निरन्तर वक्तासङ्ख्या घट्दै गई लोपोन्मुखतातर्फ अगाडि बढेका छन् । भाषाको लोपोन्मुखताको महत्त्वपूर्ण आधार वक्तासङ्ख्यालाई आधार मान्दा नेपालका भाषाहरूलाई मुख्य भाषा  र अल्पसङ्ख्यक भाषा गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ। जसलाई तल चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ :

**चित्र ४**

वक्तासङ्ख्याका आधारमा नेपालका मातृभाषाको वर्गीकरण




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० ।

माथिको स्तम्भभित्रले वक्तासङ्ख्याको आधारमा नेपालका मातृभाषाको स्तरलाई प्रस्तुत गरेको छ । जसअनुसार २१ मुख्य र १०३ ओटा अल्पसङ्ख्यक भाषा रहेको देखिन्छ । यसरी वक्तासङ्ख्याका आधारमा नेपाललाई हेर्दा धेरै भाषाका वक्ताको सङ्ख्या अत्यन्त कम रहेको देखिन्छ । वक्तासङ्ख्या थोरै हुँदा उक्त भाषाका वक्ताहरू अन्य प्रभावशाली भाषाका प्रभावमा पर्ने सम्भावना बढी हुन्छ जसको कारण आफ्नो मातृभाषाको प्रयोग गर्न छाड्दै जान्छन् । Krauss (1992) ले वर्तमानमा जीवित वक्ताहरूको सङ्ख्या, प्रथम मातृभाषी तथा स्पष्ट बोल्न सक्ने (न्याटिभ स्पिकर) वक्ता र भाषिक स्पष्टता आर्जन गरिरहेका युवा पुस्ताको प्रतिशत गरी तीन मुख्य भाषाको लोपोन्मुखता पहिचान गर्ने आधारका रूपमा प्रस्तुत गरेका छन् । यस आधारमा पनि वक्तासङ्ख्या भाषाको प्रयोग अवस्था पहिचान गर्ने आधारका रूपमा देखा पर्दछ ।

## छलफल

बहुभाषिक मुलुक नेपालमा बोलिने भाषाहरूको अन्तमिश्रण र वितरणको अवस्था विविधतामयी खालको छ । विविध भाषाका वक्ताहरूको अन्तरमिश्रित बसोबासको अवस्थाका कारण भाषिक अन्तमिश्रणको अवस्था सिर्जना भएको छ । यो अन्तरमिश्रण बहुभाषिक वातावरणको उपलब्धता, बहुसांस्कृतिक वातावरणका दृष्टिले महत्त्वपूर्ण देखिन्छ ।

यस आधारमा नेपाल भाषिक दृष्टिले बहुभाषिकताका साथै सङ्घ, प्रदेश र स्थानीय तहसम्म नै बहुभाषिकतायुक्त राष्ट्रका रूपमा देखा पर्छ । नेपालको संविधान (२०७२) ले मातृभाषामा आधारभूत शिक्षाको हक (धारा ३१), मातृभाषा प्रयोगको हक (धारा, ३२), भाषाको संरक्षण र संवर्धनको हक (धारा ३२) प्रत्याभूत गरेको छ । संविधानले नेपालमा बसोबार गर्ने प्रत्येक समुदायलाई भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक (धारा, ३२) हुने उल्लेख गरेको छ । राज्यमा रहेका भाषाहरूको संरक्षण र र संवर्द्धन तथा कामकाजको भाषा सिफारिसलगायतका कार्यका लागि संविधानले गरेको व्यवस्थाबमोजिम भाषा आयोगको गठन (धारा, २८७) भई प्रदेशको कामकाजका भाषा सिफारिससमेत गरिसकेको अवस्था छ । यी विविध व्यवस्थाका बाबजुत नेपालका

निकै कम मातृभाषाहरू मात्र जीवन्तताको यात्रातर्फ अग्रसर छन् । यहाँका धेरै भाषाहरूको वक्तासङ्ख्या घट्दै गएको अवस्था छ । जसका कारण भाषाहरू धेरै भाषाहरू लोपोन्मुख बन्दै गएको स्थिति सिर्जना भएको छ । खासगरी नेपाली र अङ्ग्रेजी भाषाका प्रभावशाली भाषातर्फ वक्ताको आकर्षण देखिन्छ । मातृभाषामा शिक्षाको तथा प्रबन्ध हुन नसक्दा धेरै मातृभाषा पुस्तान्तरण हुन नसकेको अवस्था देखा परेको छ । अधिकारका दृष्टिबाट भाषा नीतिर्माणको प्रयास भए भाषिाको संरक्षण, भाषिक वक्तामा बफादारिता ल्याउने खालको भाषा नीति र योजना निर्माण हुन सकेको छैन । जसको परिणाम धेरै भाषाहरूको लोपोन्मुखतातर्फको यात्रा निरन्तर गतिमान छ ।

नेपालमा रहेका भाषा संरक्षणका लागि भाषाको अवस्थाबोध गरी त्यसैअनुसारको भाषानीति र भाषायोजना निर्माण गर्नुपर्छ । सबैभन्दा पहिलो कुरा त राज्यमा भएका भाषासम्बन्धी यथार्थ विवरण नै हामीसँग छैन । भाषा र तिनका प्रयोक्ता कति छन् भन्ने विषयमा जनगणनाले प्रस्तुत गरेको तथ्याङ्कमा आएको निरन्तरको ठुलो परिवर्तनले यसको विश्वसनीयतामाथि प्रश्न मात्रै उठेको छैन यसैका जगमा गरिएका भाषा संरक्षणका प्रयासहरू पनि यथार्थताको धरातलमा नहुँदा व्यावहारिक नहुने चिन्ता बढेको छ (न्यौपाने, सन् २०२२) । पछिल्लो समयमा जनगणनाको क्रममा भएको भाषाका वक्तासङ्ख्या बढी देखाएर भाषिक जनसङ्ख्यालाई आफ्नो समुदायको शक्ति ठान्ने प्रवृत्तिले भाषिक वक्ताको यथार्थ विवरण सङ्कलनमा बाधा पुर्‍याएको र यसको असर वि.सं. २०७८ को जनगणनामा परेको देखिन्छ । मुख्य कुरा त भाषा भाषालाई लोप हुनबाट जोगाएर जीवन्त बनाइराख्न उक्त भाषाको प्रयोग नयाँ पुस्तामा हस्तान्तरण हुँदै जानुपर्छ । मातृभाषामा शिक्षाको प्रबन्धले मातृभाषा संरक्षण र विकासमा योगदान पुग्दछ । नेपालको विद्यमान जटिल जातिभाषिक अवस्थालाई प्रतिबिम्बन गर्ने बहुभाषिक नीति तथा यस्तो विशिष्ट अवस्थालाई सम्बोधन गर्न सक्ने बहुभाषिक शिक्षा कार्यक्रम निर्माण हुन सकेको छैन (Regmi, 2017) । नेपालले मातृभाषा संरक्षणका लागि 'तलबाट माथि' (बटम-अप) दृष्टिकोणमा केन्द्रित हुने मनशायका साथ बहुभाषिक शिक्षामा स्थानीय समुदायको संलग्नतालाई महत्त्व प्रदान गरी बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका, २०६६ जारी गरेको छ । यद्यपि यसको कार्यान्वयनको अवस्था भने निकै कमजोर रहेको छ । यो यथार्थतालाई बुझेर राज्यले मातृभाषाको अध्ययन अनुसन्धान र संरक्षणका कार्यलाई महत्त्व दिनु आवश्यक छ ।

समाजमा कुन भाषाको प्रयोग गर्ने तथा कुन भाषामा शिक्षा दिने भन्ने कुरा समाजको व्यापक सामाजिक-आर्थिक परिवेशसँग सम्बन्धित हुन्छ। अल्पविकसित मुलुकमा त झन् शिक्षालाई प्रत्यक्ष रूपमा आर्थिक पक्षसँग जोडिएको हुन्छ । भाषानीतिले सामाजिक बहिष्करणका समस्यालाई प्रभावकारी रूपमा सम्बोधन गर्ने हो भने यसलाई राष्ट्रियता र जातियताको संस्कृतिवादी चिन्तनलाई विस्तारित गरी उपयोगिता र पहुँचका प्रश्नहरूमा केन्द्रित गरि नुपर्छ (Maddox, 2003)। नवउदारवादी बजारमा भाषालाई एउटा वस्तु र आर्थिक दृष्टिबाट हेरिने हेरिन्छ। नेपालको शिक्षामा नवउदारवादी मान्यताले प्रेरक भूमिका निर्वाह गरेको तथा बहुभाषिक शिक्षाको अभ्यासका साथै स्थानीय

भाषाको संरक्षणमा चुनौती थपेको छ (Sharma & Phyak , 2017) । यद्यपि अङ्ग्रेजी भाषालाई विश्वव्यापी भाषाको रूपमा सधैँ सांस्कृतिक पुँजी र आर्थिक मूल्य प्रदान नगर्ने तथा स्थानीय आदिबासी भाषाहरू सधैँ पहिचानको राजनीति र भाषा संरक्षणको विचारधारामा मात्रै सीमित नहुने तर्क पनि उनले गरेका छन् । यद्यपि रोजगारी र  जीविकोपार्जनका लागि युवाहरू देशविदेशमा भौँतारिन परिरहेको अवस्थामा समाजमा आर्थिक पक्षले अतिशय महत्त्व पाउनु र हरेक पक्षलाई आर्थिक दृष्टिबाट हेरिनु स्वभाविक हुन्छ । यही कारण शिक्षा र भाषालाई पनि आर्थिक दृष्टिबाट हेरिएको छ । जहाँ कामको विश्व बजारमा जोडिने अङ्ग्रेजी भाषा र त्यसका माध्यमबाट लिइने शिक्षाका विकल्पमा मातृभाषा लिन गरिएको आग्रह मात्रैले मातृभाषाको प्रयोग र मातृभाषी शिक्षामा आकर्षण बढ्न सक्दैन । यसका लागि त मातृभाषाका माध्यमबाट भाषा मात्रै नभनी प्रथम भाषाको माध्यमबाट प्रारम्भिक शिक्षा लिएर पछि क्रमशः नेपाली र अङ्ग्रेजी भाषामा सिकाइ स्थानान्तरण गर्दा भाषा मात्रै नभई संज्ञानात्मक विकास पनि छिटो र प्रभावकारी हुन्छ भनी प्रयोगमार्फत् नै सिद्ध गर्न सक्नुपर्छ । मातृभाषाका माध्यमबाट शिक्षा प्रदान गर्न दक्ष जनशक्तिका साथै पर्याप्त सामग्री विकास गर्ने अनि मातृभाषाको शिक्षालाई कामको संसारसँग जोड्न सक्नुपर्छ । अन्यथा विश्वव्यापीकरणको वर्तमान युगमा अङ्ग्रेजी भाषाप्रतिको आकर्षणलाई कम गरी मातृभाषाको प्रयोगतर्फ आकर्षण गर्न कठिन हुन्छ । जसले गर्दा आफ्नो मातृभाषाको प्रयोग छाडेर प्रभावशाली भाषाको प्रयोगतर्फ आकर्षित हुने क्रम रोकिँदैन ।

## निष्कर्ष

बहुभाषी मुलुक नेपालका मातृभाषाहरूको वितरण, अवस्था र गति पनि विविधतामयी छ । यो विविधता भाषाको मिश्रण र बहुसांस्कृतिकताका दृष्टिले सुन्दर पक्ष हुँदाहुँदै पनि व्यवस्थापन र संरक्षणका दृष्टिले चुनौतीका रूपमा देखा पर्छ । बहुभाषी मुलुकमा रहेका मातृभाषाको वितरण विविधतामयी ढङ्गले भएको छ । त्यस्तै परिवर्तनको प्रवृत्ति पनि विविध खालको छ । कैयौँ भाषाहरू लोपन्मुख दिशातर्फ उन्मुख छन् । यद्यपि हामीसँग भाषाका सम्बन्धमा गहन सर्वेक्षणको अभावमा मोटामोटी तथ्य हामीसँग छ । जनगणनाले प्रस्तुत गरेको तथ्यकै आधारमा पनि केही थोरै भाषाबाहेकका धेरै भाषाका वक्ताहरू घट्दै गएको र धेरै भाषाहरू पुस्तान्तरण हुन नसक्दा लोपोन्मुखतार्फ स्थानान्तरण भएका छन् । भाषा लोप हुनु सम्बन्धित वक्ताका सभ्यता, संस्कृति, रहनसहन लगायतका पक्षहरूसमेत लोप भएर जानु हो । यसर्थ नेपालका भाषाहरूका सम्बन्धमा गहन अध्ययन अनुसन्धान गरी भाषाको वितरण, वक्तासङ्ख्या, भाषाको अवस्था र परिवर्तनको दिशा पहिचान गरी वास्तविकताको धरातलमा उभिई भाषा बहुभाषिक नीति र योजना तय गर्नुपर्छ । विभिन्न मातृभाषिक वक्तालाई आफ्नै मातृभाषाका माध्यमबाट प्रारम्भिक तहको शिक्षा लिने अवसर प्रदान गरी आफ्नो मातृभाषाको अवलम्बन र संरक्षणको चेतना वृद्धि गरी प्रारम्भिक तहपछि नेपाली लगायतका भाषाका माध्यमबाट शिक्षा लिने अवसर प्रदान गर्नुपर्छ । यसका लागि राज्यले भाषा संरक्षण र विकासको कार्यलाई प्राथमिकता दिई महत्त्वका साथ संरक्षणका कार्य गरिनु आवश्यक छ ।

## सन्दर्भसामग्री


केन्द्रीय तथ्याङ्क विभाग (२०५८), नेपालको राष्ट्रिय जनगणना २०५८ । www.cbs.gov.np

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *नेपालको राष्ट्रिय जनगणना* २०६८ । www.cbs.gov.np

पौडेल र भट्टराई (२०७७) *नेपालको भाषानीति, योजना र आधार,* इन्टेलेक्चुअल बुक प्यालेस ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०), नेपालको राष्ट्रिय जनगणना २०७८ । https://nsonepal.gov.np/

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* कानुन किताब व्यवस्था समिति । https://lawcommission.gov.np/

नेपाल सरकार (२०६६), *बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६,* शिक्षा मन्त्रालय ।

न्यौपाने, महेन्द्र (सन् २०२२), नेपालको भाषानीति : अवस्था र अपेक्षा, *द एजुकेटर जर्नल,* १०(१), ३०-४० । http://dx.doi.org/10.3126/tej.v10i1.46946

यादव, योगेन्द्रप्रसाद (२०७४) नेपालमा बोलिने भाषा : सङ्कट र समाधान, अधिकारी, हेमाङ्गराज (सम्पा.), *साठी वर्षका भाषिक चर्चा,* (पृपृ., ३१२-३३९), नेपाल प्रज्ञा प्रतिष्ठान ।

भाषा आयोग (२०७८), *सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू,* भाषा आयोग ।

Baldauf, R. B. (1994). Unplanned language policy and planning. *Annual Review of Applied Linguistics*, 14, pp. 82-89. https://doi.org/10.1017/ S0267190500002828

Ethnologue (2023). Language of the world. Retrived from https://www.ethnologue.com/insights/ how-many-languages-endangered

Fishman, J. A. (Ed.). (2001). *Can threatened languages be saved?: Reversing language shift, revisited: A 21st century perspective* (Vol. 116). Multilingual Matters.

Fishman, J. A. (1991). *Reversing language shift: Theoretical and empirical foundations of assistance to threatened languages* (Vol. 76). Multilingual matters.

Gautam, B. L., & Poudel, P. P. (2022). Diversity, Multilingualism and Democratic Practices in Nepal. *Bandung*. *9*(1-2), 80-102. https://doi.org/10.1163/21983534-09010004

Gautam, B. (2021). Language politics in Nepal: A socio-historical overview. *Journal of World Languages*, *7*(2), 355-374. https://doi.org/10.1515/jwl-2021-0010

Krauss, M. (1992) The World's Languages in Crisis. *Language,* 68, 4-10. https://doi.org/10.1353/lan.1992.0075

Lewis, M.P., & Simons, G.F. (2010). Assessing Endangerement: Expanding Fishman's GIDS. *Revue Roumaine de Linguistique. LV*(2). 103-120. http://dx.doi.org/10.1017/CBO9780511783364.003.

Maddox, B. (2003). Language policy, modernist ambivalence and social exclusion: a case study of Rupandehi district in Nepal's Terai. *Studies in Nepali History and Society. 8*(2): 205-224.

Regmi, D. R. (2017). Convalescing the endangered languages in Nepal: Policy, practice and challenges, *Gipan,* 3(1), 139-149.

Regmi, D. R. (2021). Developing and implementing mother-tongue education policy in minority speech communities in Nepal: Issues and challenge, *Studies in ELT and Applied Linguistics, 1*(1). https://doi.org/10.3126/seltal.v1i1.40605

Sharma, B. K., & Phyak, P. (2017). Neoliberalism, linguistic commodification, and ethnolinguistic identity in multilingual Nepal. *Language in Society*, *46*(2), 231-256. https://doi.org/10.1017/ S0047404517000045

UNESCO(2005). *Diversity and endangerment of languages in Nepal.* Retrived from https://unesco.org/

UNESCO (2010). *UN atlas of endangered languages*. UNESCO Paris.

UNESCO (2011). *Number of endangered languages by country*. United Nations Educational, Scientific and Cultural Organisation Institute for Statistics. \Retrieved from, http://www.unesco.org/culture/languages-atlas/index.php?hl=en&page=atlasmap.

Wardhaugh, R. Fuller, J. M. (2021). *An Introduction to sociolinguistics* (8th Ed.). Wiley-Blackwell.

Woodbury, A. C. (2012). What is an endangered language? *Linguistic society of America*. Retrieved from, http://www.linguistlist.org.